Shikshak Journal *17*(1),408-423, 2025

# विद्यालय तहमा बहुभाषिक कक्षा शिक्षणको अवस्था र चुनौती

धर्मानन्द पन्त

*त्रि.वि.,महेन्द्ररत्न क्याम्पस नेपाली शिक्षा विभाग, ताहाचल, काठमाडौँ* ✉ pantdharma44@gmail.com

Submitted: March 10, 2024; Accepted: July 12, 2024; Published: January 31, 2025

**लेख सार**

यस लेखको मुख्य उद्देश्य नेपालका विद्यालयीय कक्षामा बहुभाषिक कक्षा शिक्षणको अवस्था र चुनौतीको पहिचान गर्नुमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन मूलतः गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यसमा अवस्था/घटना अध्ययनसम्बद्ध वर्णनात्मक विधि प्रयोग गरिएको छ । यसमा काठमाडौँ जिल्लाका चारवटा विद्यालयका शिक्षकहरूका अनुभवहरूलाई तथ्यका रूपमा लिई अध्ययन गरिएको छ । बहुभाषिकता नेपालको राष्ट्रिय पहिचान हो । मातृभाषी र बहुभाषी शिक्षक उपलब्ध नहुँदा बहुभाषिक शिक्षण सिकाइ जटिल बन्नेगरेको छ । शिक्षकहरूमा बहुभाषिक कक्षा शिक्षणसम्बन्धी आवश्यक ज्ञान, सिप, तालिम र दक्षताको कमीले शैक्षिक स्तर कमजोर हुन पुगेको छ । सिकारुको भाषिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक विविधता, पारिवारिक-आर्थिक पृष्ठभूमि, सिकाइ क्षमतागत विविधता, शिक्षकले सिकाउने तौरतरिकामा भिन्नता आदिले नेपालको बहुभाषिक शिक्षाको स्वरूप विविधतामूलक बनेको छ । सिकारुको भाषिक पृष्ठभूमि, सानो कक्षाकोठा, अत्याधिक विद्यार्थी सङ्ख्या, पाठ्यसामग्रीको अभाव, छुट्टाछुट्टै समूह निर्माण, अभिभावकहरूको अङ्ग्रेजी भाषाप्रतिको बढ्दो आकर्षण आदिका कारण बहुभाषिक कक्षा व्यवस्थापनमा चुनौती देखिएका छन् । यी विभिन्न चुनौतीहरूको सामना गर्न योग्य र दक्ष बहुभाषी शिक्षकको व्यवस्था गनुपर्दछ । भाषाको शिक्षण सिकाइलाई बालमैत्री बनाई बालबालिकाहरूको भाषिक सङ्कोचलाई हटाउँदै उन्नत सिकाइतर्फ अग्रसर हुनुपर्दछ । बहुभाषी शिक्षालाई मातृभाषामा शिक्षण गरेर वा सिकारुको मातृभाषामा शब्द, पद, पदावली वा वाक्य प्रयोग गरेर भाषिक सहजीकरण गर्न सकेमा मात्र प्रभावकारी बहुभाषिक कक्षा शिक्षण हुनसक्ने देखिन्छ ।

**शब्द कुञ्जी** : बहुभाषिकता, भाषा शिक्षण, भाषिक पृष्ठभूमि, मातृभाषा, सिकारु

## विषय परिचय

भाषिक विविधताका दृष्टिले विश्वका अधिकांश मुलुकहरू बहुभाषिक रहेका छन् । विश्वमा रसिया, पपुवा न्युगिनी, भारत आदि देशहरूको बहुभाषिक स्थिति उदाहरणीय छ । नेपाल भाषिक दृष्टिले विविधतायुक्त मुलुकमा पर्छ । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा कुल १२४ मातृभाषा रहेका छन् । मानिसहरू आफ्नो व्यक्तिगत आवश्यकताले गर्दा मातृभाषाबाहेक अर्को भाषा सिक्न तथा प्रयोग गर्न पुग्छन् तर व्यक्तिगत किसिमको द्विभाषिकता र बहुभाषिकता प्रायः असहज

तथा अस्थिर प्रकृतिको हुन सक्छ (अधिकारी, २०६७, पृ.३२) । विद्यालयका कक्षाकोठामा विभिन्न सांस्कृतिक पृष्ठभूमिका बालबालिकाहरू पढ्न आएका हुन्छन् । उनीहरूको आफ्नै चालचलन, रीतिरिवाज, व्यक्तित्व, भाषिक पृष्ठभूमि हुन्छ । नेपाली भाषाका कक्षामा नेपाली भाषा मातृभाषा हुने बालबालिका मात्र नभएर अरू मातृभाषी विद्यार्थी पनि रहेका हुन्छन् । नेपाली मातृभाषी र अन्य मातृभाषी अर्थात् दोस्रोभाषी नेपाली विद्यार्थीलाई एउटै कक्षामा राखी शिक्षण गर्नु जटिल कार्य मानिन्छ (पन्त, २०८०, पृ. २७५) । कुनै पनि बालकले आफ्नो घरबाटै पहिलो भाषा सिकेको हुन्छ । विद्यालयमा पनि सोही भाषामा सिक्न पाएमा उसको सिकाइ क्षमता बढ्छ । भाषिक पृथक्ताका कारण विद्यालयमा बालबालिका अपहेलित हुनु हुँदैन ।

भाषाको कक्षामा विद्यार्थीलाई निर्धक्क साथ भाषिक ज्ञान, सिप र प्रवृत्ति सिक्ने वातावरणको आवश्यकता पर्दछ । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा ४४.८६ प्रतिशत मानिस नेपाली मातृभाषी रहेको देखिन्छ । त्यही आँकडामा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने सङ्ख्या ४६.२३ प्रतिशत रहेको पाइन्छ । यस आधारमा बहुसङ्ख्यक नेपालीहरू विभिन्न मातृभाषाका रहेका छन् भन्ने देखिन्छ । हाम्रा विद्यालयहरूमा पनि विभिन्न भाषाका मातृभाषी विद्यार्थी हुन सक्छन् । दुई वा दुईभन्दा बढी मातृभाषीहरू भएको कक्षालाई बहुभाषिक कक्षा भनिन्छ । नेपालमा विभिन्न मातृभाषाको पृष्ठभूमि भएका बालबालिकालाई नेपाली भाषा शिक्षण गर्न सजिलो छैन । यस्तो परिवेशमा शिक्षक र विद्यार्थीबिचको भाषिक, सांस्कृतिक तथा धार्मिक परिवेशमा अन्तर देखिन सक्छ । यसले गर्दा सम्प्रेषणमा कठिनाइ उत्पन्न भई विद्यार्थी कक्षा कार्यकलापमा कम सक्रिय हुन सक्छन् (शर्मा, सन् २०१४, पृपृ.९५-९९) । सुरुसुरुमा बहुभाषिकता राम्रो होइन भन्ने भ्रम मानिसहरूमा थियो । नेपालमा पनि २०४७ को संविधान आउनु अघि बहुभाषिकतालाई जोड दिइएको पाइँदैन । अहिले बहुभाषिकताले भाषा सिकाइमा सहयोग गर्दछ भन्ने आम धारणा बन्न पुगेको छ । राज्यले सबै राष्ट्रिय भाषाहरूलाई विकसित र व्यवस्थित गर्नुपर्दछ । यसका लागि शिक्षकलाई बहुभाषिक शिक्षाको तालिम दिनु अपरिहार्य हुन्छ ।

नेपालका सन्दर्भमा एउटै विद्यालयमा एक वा एकभन्दा बढी भाषाका बालबालिकाहरू पढ्न आउँछन् । भाषिक पृष्ठभूमिका आधारमा नेपालमा तीन प्रकारका विद्यालय रहेका छन्-एउटा मात्र मातृभाषाका विद्यार्थी भएको विद्यालय, दुई मातृभाषाका विद्यार्थी भएको विद्यालय र दुईभन्दा बढी मातृभाषाका विद्यार्थी भएको विद्यालय । पहिलोमा विद्यालयको सेवा क्षेत्रभित्र एक मातृभाषी समुदायको मात्र बसोवास रहेको हुन्छ । दोस्रोमा विद्यालयको सेवा क्षेत्रभित्र दुई भाषिक समुदायको बसोबास हुन्छ । तेस्रोमा विद्यालयको सेवा क्षेत्रभित्र दुईभन्दा बढी भाषिक समुदायको बसोवास

हुन्छ । यस आधारमा हेर्दा हाम्रा विद्यालयका प्रायः कक्षाहरूमा दुई वा सोभन्दा बढी भाषिक पृष्ठभूमिका बालबालिकाहरूको उपस्थिति रहनु स्वाभाविक छ । यसर्थ बहुभाषिक शिक्षण विद्यालयका प्रारम्भिक कक्षाहरूमा अपरिहार्य छ ।

भिन्न मातृभाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू उपस्थित कक्षा मूलतः निम्नानुसार प्रयोजनमा प्रयोग हुन सक्छ : (क) शिक्षणको पूर्ण माध्यमका रूपमा मातृभाषा र (ख) आवश्ययकताअनुसार मौखिक सहयोगका रूपमा मातृभाषा (बास्तोला, सन् २०२४, पृपृ. २०-२९) । एउटा मातृभाषा मात्रै भएको समुदायमा मूलत : एकभाषी तथा मातृभाषी शिक्षकले शिक्षण सिकाइ गराउन सहज हुन्छ । धेरै भाषाभाषी भएको विद्यालयमा बहुभाषी शिक्षकको आवश्यकता एकभाषी वा मातृभाषी समुदायकोभन्दा अझ धेरै हुन्छ । कक्षामा बहुभाषिकताको सम्बोधन नेपालजस्तो विभिन्न भाषाभाषीको अन्तर्मिश्रित बसोबास भएको मुलुकका लागि भौतिक, आर्थिक, शैक्षिक तथा व्यवस्थापकीय दृष्टिले चुनौतीपूर्ण छ तापनि नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न र सामाजिक न्यायका दृष्टिले प्रत्येक भाषाभाषीले आआफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हकको सम्मान गर्न बहुभाषिकता सम्बोधन गर्नु आवश्यक देखिन्छ (बम, सन् २०१९, पृपृ. ३८-४५) कक्षाकोठामा देखिने विभिन्न भाषिक क्षमता र सिकाइ क्षमताले शिक्षण सिकाइलाई कसरी उचित बनाउने विषय जटिल मानिन्छ । बहुभाषिक कक्षामा सबै बालबालिकाहरूलाई समावेशी तरिकाले सिकाउन शिक्षकको मातृभाषा वा भाषिक क्षमताजन्य समस्यासमेत हुने स्थिति रहन्छ । पाठ्यक्रम र पाठ्यसामग्री सबै बालबालिकका लागि एउटै हुनु र विद्यार्थीको मातृभाषाले सिकाइमा जटिलता देखापर्नुले अर्को बहुभाषिक समस्या थपेको छ ।

**अनुसन्धान प्रश्न, उद्देश्य र परिसीमा**

प्रस्तुत लेख वर्तमान सन्दर्भमा नेपालका विद्यालयका कक्षाकोठामा बहुभाषिकताको प्रकृति के कस्तो छ ? तथा, भाषा शिक्षक र विद्यार्थीका शिक्षणसँग सम्बन्धित चुनौतीहरू के के हुन् ? भन्ने मूल प्रश्नहरूको समाधानको खोजीमा केन्द्रित रहेको छ । यस लेखको मुख्य उद्देश्य नेपालका विद्यालयीय कक्षामा बहुभाषिक कक्षा शिक्षणको अवस्था र चुनौतीको अध्ययन गर्नुमा केन्द्रित रहेको छ । यसमा काठमाडौँ जिल्लाका चारवटा विद्यालयका आधारभूत र माध्यमिक तहका जम्मा चारजना शिक्षकका अनुभव र अध्येता स्वयम्बाट गरिएको कक्षा अवलोकनबाट प्राप्त तथ्यमा सीमित रही अध्ययन पूरा गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

बहुभाषिक कक्षामा तीन वा तीनभन्दा बढी भाषाका बालबालिकाहरू भाषा सिकाइका लागि आएका हुन्छन् । निश्चित विषयवस्तुलाई विभिन्न माध्यमले सरल रूपमा हरेक भाषाभाषिका बालबालिकाहरूले बुझ्न सक्ने गरी सिकाउने कार्य बहुभाषिक कक्षामा गरिन्छ (ढकाल, सन् २०१९, पृपृ.५४-५८) । यसरी भाषिक सङ्ख्याका आधारमा विद्यालय बहुभाषी बन्न पुग्दछ । विद्यालय सेवा क्षेत्रभित्र दुईभन्दा बढी भाषिक समुदाय भएका विद्यालयलाई बहुभाषी विद्यालय भनिन्छ (बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६, पृ.२) । यस्तो विद्यालयमा पढ्न आउने बालबालिकाहरूलाई बिना भेदभाव भाषा सिक्ने अवसर प्रदान गनुपर्दछ । नेपालको संविधानमा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिइएको छ । नेपाल सरकारले पनि आधारभूत तहसम्मको शिक्षालाई बालकको मातृभाषामा दिन सकिने कुरालाई आत्मसात् गर्दै स्थानीय तहलाई मातृभाषामा शिक्षा दिन पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयनको जिम्मा दिएको छ । यसर्थ बहुभाषिक कक्षामा शिक्षण गर्दा शिक्षकले सबै मातृभाषाका विद्यार्थीप्रति सम्मानपूर्ण व्यवहार गर्नुपर्दछ ।

बहुभाषिक कक्षामा सम्बन्धित मातृभाषाको प्रयोग गरी सिकारुलाई बुझाउने र प्रशस्त शैक्षिक सामग्रीको प्रयोगमा जोड दिई शिक्षण गर्नु विद्यालयको कर्तव्य हुन्छ । विभिन्न समूह निर्माण गरेर, सहपाठी शिक्षण सिकाइका माध्यमबाट शिक्षण सिकाइमा विविधता सिर्जना गर्दै बहुभाषिक कक्षामा शिक्षण गर्नुपर्दछ (पन्त, २०८०, पृ.२७५) । यसरी कक्षाकोठामा जातीय, लैङ्गिक र भाषिक पृष्ठभूमिलाई विभेदका दृष्टिले नहेरी समतापूर्ण व्यवहार गरी बहुभाषिक कक्षा शिक्षण गर्नुपर्दछ । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ मातृभाषा बोलिन्छन् । यस आधारमा नेपालमा विभिन्न मातृभाषाभाषीका बालबालिका विद्यालयका कक्षाकोठामा रहेको तथ्य स्पष्ट हुन्छ । यस्तो बहुभाषिक अवस्थामा सबै बालबालिकाका मातृभाषालाईसमेत आत्मसात् गरी प्रभावकारी बहुभाषिक कक्षा शिक्षण गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ । अपेक्षा गरेअनुरूप बहुभाषिक शिक्षा अगाडि बढ्न नसक्नुमा मातृभाषाप्रति अभिभावकको अनिच्छा, बहुभाषिक तथा मातृभाषी शिक्षकको अभाव आदि चुनौतीहरू विद्यमान छन् (बम, सन् २०१९ पृपृ. ३८-४५ ) । यसरी बहुभाषिक कक्षा शिक्षण कार्यान्वयनको पक्ष चुनौतीपूर्ण विषयका रूपमा रहँदै आएको देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन मूलतः गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । गुणात्मक अनुसन्धानद्वारा कुनै घटना, प्रक्रिया वा क्रियाकलापको यथार्थ अवस्थामा अध्ययन गरिन्छ । यस्तो

अध्ययनमा प्राप्त तथ्याङ्कहरू शाब्दिक र विवरणात्मक प्रकृतिका हुन्छन् (खनाल, २०७२, पृ. १३४) भनिन्छ । यस अध्ययनमा अवस्था/घटना अध्ययनका लागि वर्णनात्मक विधिको प्रयोग गरिएको छ । अन्तर्वार्ता निर्देशिका र अवलोकनका आधारमा काठमाडौँ जिल्लाका चारवटा विद्यालयका ४ जना शिक्षकसँग अन्तर्वाता र आधारभूत तह कक्षा आठ र माध्यमिक तह कक्षा १० को कक्षा अवलोकन गरिएको छ । सहभागी चारजना शिक्षकहरूको नाम उल्लेख नगरी १, २, ३, ४ अङ्कले सङ्केत गरिएको छ । व्याख्या विश्लेषणका लागि अवलोकनबाट प्राप्त सुझलाई समेत उपयोग गरिएको छ । यसमा प्राप्त तथ्यहरूको थिम निर्माण गरी व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## नतिजा तथा छलफल

### बहुभाषिक कक्षा शिक्षणको अवस्था

**सिकारूको भाषिक पृष्ठभूमिमा विविधता :** वर्तमान नेपालका कक्षाहरूमा विभिन्न मातृभाषाकाविद्यार्थीहरू रहेका छन् । प्रायः धेरैजसो विद्यालयहरू दुई वा दुईभन्दा बढी मातृभाषाका विद्यार्थीहरूले भरिएका देखिन्छन् । गाउँभन्दा सहरका विद्यालयमा यो स्थिति अझ बढी देखिएको छ । यस सन्दर्भमा खुल्ला अन्तर्वार्तामा सहभागी १ को धारणा यस्तो रहेको छ *हाम्रा विद्यालयमा तामाङ, नेपाल भाषा (नेवारी), नेपाली, मैथिली, हिन्दी, उर्दू, बाज्जिका, सेर्पा, थारू भाषाका विद्यार्थीहरू पढ्न आउँछन् । धेरैजसो तराईबासी नै छन् । मैथिली, हिन्दी आदि । खासगरी सीमापारी बीरगन्जबाट उता रक्सौलतिरका छन् । सीतामढीतिरका विद्यार्थी पनि छन् । उनीहरूको चालचलन हामीलाई पनि त्यति थाहा छैन । उनीहरूको भेषभूषा हामीलाई थाहा छैन । सानो कक्षामा हिन्दी, मैथिली जान्ने मिसहरू र हामीले पढाउनुमा धेरै फरक पर्दो रहेछ । हामीले त भाषा बुझ्दै बुझ्दैनौँ* (स्थलगत अध्ययन, २०८०) ।

माथि भनिएझैँ विभिन्न ४ विद्यालयका कक्षाकोठा अवलोकन गर्दा फरक फरक मातृभाषा भएका सिकारुहरू रहेको देखियो । कक्षाकोठामा भएका यी फरक फरक विद्यार्थीहरूको मातृभाषा भिन्न भिन्न रहेको पाइयो । ती भाषाका ध्वनि, वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य र सङ्कथनको प्रभाव सिकारूको सिकाइगत व्यवहारमा प्रतिविम्बित हुनेगरेको देखियो । समग्रमा विद्यार्थीहरू कक्षाकोठामा भाषिक प्रतिनिधि पनि हुन् भन्ने आधारमा हेर्दा उनीहरूको भाषिक झलक उनीहरूको बोली व्यवहारमा प्रस्ट देखिइरहेको हुन्छ भन्ने प्रस्ट देखिन्छ ।

**सामाजिक-सांस्कृतिक पृष्ठभूमिगत विविधता :** बहुभाषिक कक्षा शिक्षणमा देखापर्ने अर्को परिस्थिति भनेको सामाजिक साँस्कृतिक पृष्ठभूमिले व्यवहारमा देखापर्ने पृथकता हो । सांस्कृतिक विविधताले भरिएका निर्धारित कक्षाहरूमा विभिन्न समुदायको प्रतिनिधित्व रहेको पाइन्छ । काठमाडौं

जिल्लामा गरिएको यस अध्ययनका क्रममा सामाजिक सांस्कृतिक पृष्ठभूमिबारे बताउँदै सहभागी २ ले यसो भनेका छन्-*हाम्रो कक्षामा प्रायः हिन्दू, बौद्ध, ईसाइ र मुस्लिम समुदायका विद्यार्थी छन् । आफ्नो संस्कृतिभन्दा अर्को समुदायसँग घुलमिल हुन असजिलो मान्दछन् । आफ्नो जातीय र सांस्कृतिक समुदायको समूह बनाउँछन् । कक्षामा आ-आफ्नो समुदायका साथी, जोसँग नजिक भएका हुन्छन् तिमीहरूसँगै बस्दछन्* (स्थलगत अध्ययन, २०८०) ।

उल्लिखित तथ्यका आधारमा हेर्दा सांस्कृतिक दृष्टिले निर्धारित विद्यालयका कक्षाकोठा विविधतायुक्त पाइएका छन् । तिनमा विभिन्न संस्कृतिका बालबालिकाहरूको उपस्थिति रहेको छ । कक्षामा विद्यार्थीको सामाजिक-सांस्कृतिक विविधताका कारण शिक्षकलाई विद्यार्थीका बारेमा नयाँ सुझ प्राप्त हुने देखिएको छ । यसर्थ नेपालका लागि सांस्कृतिक विविधता बहुभाषिक कक्षाको महत्त्वपूर्ण विशेषता मानिन्छ ।

**विद्यार्थीको पारिवारिक आर्थिक पृष्ठभूमि :** कुनै पनि सिकारुको सिकाइमा आर्थिक पृष्ठभूमि तथा परिवारको आर्थिक हैसियतले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कक्षाकोठामा विद्यार्थीका अभिभावकको पेसा, व्यवसाय र आर्थिक पक्षले सिकाइलाई सकारात्मक वा नकारात्मक प्रभाव पारेको हुन्छ । विद्यार्थीका लागि चाहिने कापी, कलम र खाजादेखि गाडीभाडासम्मका आवश्यकता पूरा गर्न सक्ने अभिभावक भएमा सहज रूपमा सिकाइ अगाडि बढ्न सक्छ तर मजदुरी गरेर वा साँझ बिहान दुई छाक पनि नपुग्ने आर्थिक अवस्थाका बालबालिकाको पढाइका लागि आवश्यक पर्ने आधारभूत सामग्री उपलब्ध नहुने वातावरण परिवारिक आर्थिक अवस्थाले सिर्जना गर्दछ । कतिपय बालबालिकाहरूले पढ्ने उमेरमा कक्षा छोड्नुपर्ने बाध्यता सिर्जना हुनुमा आर्थिक कारण एक प्रमुख कारण मानिन्छ । बहुभाषिक कक्षाका सिकारुको आर्थिक पृष्ठभूमिका सम्बन्धमा सहभागी ४ को दृष्टिकोण यस्तो रहेको *छ-म संस्थागत विद्यालयमा पढाउँछु । यहाँका अधिकांश विद्यार्थीका अभिभावकको आर्थिक स्तर राम्रो छ । उनीहरू समयमै शुल्क बुझाउँछन् । विद्यार्थीहरूलाई शुल्कका लागि धेरै भनिरहनुपर्दैन । कतिपय विद्यार्थीको आर्थिक समस्या पनि हुन्छ । यस्तोमा केही थप समय दिएर शुल्क तिर्न लगाइन्छ (स्थलगत अध्ययन, २०८०)* । आर्थिक कारणले विद्यार्थीहरूको पढाइमा प्रत्यक्ष असर पार्दछ । अर्का सहभागीको प्रतिक्रिया यस्तो रहेको छ-*साम'दायिक विद्यालयका कक्षामा शैक्षिक सत्र सुरु भएको सुरुको दुई हप्ता भर्ना अभियान राखे पनि विद्यार्थीहरू वैशाखदेखि चैतसम्म नै भर्ना हुन आइरहन्छन् । अँ मेरो कक्षामा प्रायः गरेर आमाबुबासँग बाहेक अरूलाई नै अभिभावक मान्नुपर्ने, विविध कारणले बाआमाको सम्बन्ध राम्रो नभएको, आर्थिक रूपले विपन्न तथा मजदुर*

*वर्गका बालबालिको पारिवारिक सम्बन्ध राम्रो छैन । पारिवारिक आर्थिक पक्षले पनि उनीहरूको पढाइमा समस्या देखिएको छ* (स्थलगत अध्ययन, २०८०) ।

समग्रमा बालबालिकाहरूको घरको परिस्थितिले फरक फरक पक्षसँग समायोजित हुनमा प्रभाव पारिरहेको छ । पढाइका लागि गरिने समय व्यवस्थापन लगायतका कुराहरूले सिकाइमा विविधता देखिने गरेको छ । यसबाट एउटै कक्षामा पनि विद्यार्थीको पारिवारिक आर्थिक पक्षले शिक्षण सिकाइमा विविधता उत्पन्न हुने कुरा सिद्ध हुन्छ ।

**विविधता क्षमतागत :** बहुभाषिक कक्षाका बालवालिकाहरूको शिक्षण सिकाइ उपलब्धि क्षमता एकनासको हुने सम्भावना कम हुन्छ । भाषा सिकाइ क्षमतामा भाषिक पृष्ठभूमि, सांस्कृतिक विविधता, आर्थिक अवस्थाले प्रभाव परेको हुन्छ । अर्को महत्त्वपूर्ण पक्ष वंशाणुगत गुण मानिएको छ । सिकाइको वातावरण, रुचि, शिक्षकको शिक्षण सिकाइ दक्षताले समेत सिकारुको क्षमतामा प्रभाव पार्दछ । यस सन्दर्भमा यस्तो रहेको छ-*विद्यार्थीले भाषा सिक्न नखोज्ने भन्ने त होइन, कतिपयलाई हामीले भाषा बुझाउन कठिन हुन्छ । उनीहरूकै मातृभाषामा भन्दाखेरी सजिलैसँग बुझ्ने, नेपाली भाषामा उनीहरूले नबुझ्ने । अझ ४,५,६,७ कक्षामा भन्दा पनि सानो कक्षामा १, २, ३ मा उनीहरूकै भाषामा पढाउन वा बुझाउन सकेमा सजिलै सिक्छन् । अहिले हामीले बोलेको उनीहरूले बुझ्दैनन्, उनीहरूले बोलेको हामीले बुझ्दैनौ त्यही भएर सिकाइ उपलब्धि चाहिँ एकनासको नहुँदो रहेछ, केही विद्यार्थीहरू छिट्टै सिक्ने पनि छन् तिनीहरूले राम्रो अङ्क पनि ल्याउँछन् । कुनै कुनै प्रतिभाशाली पनि हुन्छन्* (खुला अन्तर्वार्ता, २०८०) ।

समग्रमा विद्यार्थीहरूको सिकाइ क्षमताका सन्दर्भमा आन्तरिक कारणह,जस्तै- वंशाणु गुण, उत्प्रेरणाजस्ता आन्तरिक पक्षले प्रभाव पार्दछ भन्ने कुरा उक्त तथ्यले देखाएको छ । बाह्य कारणमा पढाइ संस्कृति, साथीसमूह, अभ्यास आदिको भूमिका रहने देखिएको छ । यसबाट क्षमतागत विविधताले विद्यालय स्तरको शिक्षण सिकाइमा अहम भूमिका खेल्दछ भन्ने प्रस्ट हुन्छ ।

**शिक्षण सिकाइ प्रक्रियागत विविधता :** बहुभाषिक कक्षा शिक्षणका सन्दर्भमा विविधता पाइन्छ । कक्षाकोठाको आकारप्रकार र विद्यार्थीको सङ्ख्यामा विविधता छ । बसाइ, समूह निर्माण गर्ने र नगर्ने, शिक्षकहरूको बहुभाषिक कक्षा व्यवस्थापन सिपमा समेत विविधिता देखिन्छ । शिक्षण सिकाइका आधारभूत प्रक्रियाहरू योजनाबद्ध सिकाइ, बहुभाषिक कक्षाकोठा व्यवस्थापन, सामग्रीको उपलब्धता आदि कारणले पनि सिकाइमा भिन्नता ल्याउन सक्छ । यस सन्दर्भमा सहभागी ३ को अनुभव यहस सन्दर्भमा उल्लेख गर्नु उपयुक्त हुन्छ-*वशेषतः विद्यार्थीलाई पावर प्वाइन्टका माध्यमबाट शिक्षण गर्छु । अनलाइन सामग्री पनि प्रयोग गर्दछु । वाइफाई प्रोजेक्टरको व्यवस्था विद्यालयमा*

*रहेको छ । इन्टिग्रेटेड सिपियुका माध्यमबाट सफ्ट कपीका सामग्री प्रदर्शन गर्दछौँ । रेकर्डिङ गरिएका सामग्री पनि प्रस्तुत गर्दछौँ* (अध्ययन स्थलगतको प्रतिक्रिया, २०८०) ।

कतिपय विद्यालयमा कक्षाकोठाको आकार सानो र विद्यार्थी सङ्ख्या अत्याधिक हुँदा समूह निर्माण गर्न समस्या देखिनेगरेको छ । यससम्बन्धमा अर्का सहभागीको अनुभव यस्तो रहेको छ- *नेपालको विद्यालय शिक्षाको अवस्था खासगरी मातृभाषी शिक्षाका शिक्षकको व्यवस्था भएका र नभएका प्रकारका छन् । सबै विद्यालयमा प्रारम्भिक कक्षामा मातृभाषाको पाठ्यक्रम नै छैन ।* यस सन्दर्भमा स्थानीय पाठ्यक्रमबारे सहभागी ३ को अनुभव यस्तो रहेको छ-*हाम्रो विद्यालयमा स्थानीय मातृभाषा नभनी स्थानीय विषय हाम्रो कागेश्वरी मनहरा शीर्षकको पाठ्यक्रम छ । यसले स्थानीय पाठ्यक्रमको प्रतिनिधित्व गर्छ तर यो स्थानीय मातृभाषा पाठ्यक्रम होइन* (अध्ययन स्थलगतको प्रतिक्रिया, २०८०) ।

माथिका तथ्यबाट कतिपय विद्यालयमा अझै मातृभाषामा पाठ्यक्रम नभई स्थानीय विषयहरू पठनपाठन भइरहेको अवस्था विद्यमान रहेको पुष्टि हुन्छ । बहुभाषिक कक्षाको शिक्षण सिकाइमा प्रक्रियागत विविधताको पक्षसमेत महत्त्वपूर्ण देखिएको यस सन्दर्भमा नेपालका विद्यालय तहको पठनपाठन प्रक्रियागत विविधताका कारण कठिन बन्नेगरेको तथ्य उजागर भएको देखिन्छ ।

**कक्षाकोठा व्यवस्थापनमा विविधता :** विद्यालयका कक्षाकोठाहरू भाषिक व्यवस्थापनका दृष्टिले विविधतायुक्त देखिएका छन् । भाषासँग सम्बन्धित विषयवस्तु उपलब्ध भएका र नभएका गरी दुई प्रकृतिका कक्षाकोठा रहेका छन् । पर्याप्त भाषिक सामग्री तथा उपयुक्त समूह निर्माका लागि छुट्टै कक्षाकोठा भएका र नभएका कक्षाकोठाको मनोवैज्ञानिक वातावरणले पनि भाषाको शिक्षण सिकाइमा भिन्नता ल्याएको देखिन्छ । यस अध्ययनमा मुख्यगरी विभिन्न मातृभाषी भएको कक्षा शिक्षणलाई विषय बनाइएको यस सन्दर्भमा कतिपय शिक्षकहरूले विद्यार्थीहरूलाई आफ्नो मातृभाषामा जानेको विषयसम्बद्ध कुरा भन्न प्रोत्साहित गर्नेगरेका छन् ।

कक्षाकोठामा आफूले अनुभव गरेका मातृभाषामा भाषिक सन्चार गर्नेगरेको अवस्था देखिएको छ तापनि नीतिगत रूपमा त्यस्तो व्यवस्था नभएकाले एक दुई शब्द मात्र प्रयोग गरेर बहुभाषिक शिक्षाको मुख्य उद्देश्य परिपूर्ति हुन सक्ने अवस्था छैन । यसर्थ हाम्रा विद्यालयहरूमा अहिले पनि बहुभाषिक कक्षा शिक्षणको राम्रो विकास हुन सकेको छैन । बहुभाषिक कक्षामा मातृभाषामा कुरा गर्न डराउने, लजाउने वा सङ्कोच मान्ने प्रवृत्ति सिकारुमा देखिएको छ । कतिपय संस्थागत विद्यालयहरूले विद्यालय हाताभित्र सीमित भाषाको प्रयोग गर्नुपर्ने नियम नै लागु गरेका हुन्छन् । यसका कारण निर्धारित विद्यालयको भाषिक व्यवहारमा समस्या पैदा हुने देखिन्छ ।

**बहुभाषिक कक्षा शिक्षणका चुनौती**

**मातृभाषी शिक्षकको अभाव :** हाम्रा विद्यालयका कक्षाकोठामा विभिन्न मातृभाषी विद्यार्थीहरू भाषा सिक्न आउँछन् तर नेपालका विद्यालयहरूमा हरेक सिकारुका लागि मातृभाषी शिक्षकको व्यवस्था गरिएको छैन । केही स्थानीय तहहरूले यसको प्रयास गरे पनि मातृभाषी शिक्षक परिपूर्ति भएको अवस्था छैन । उपलब्ध भएका मातृभाषी शिक्षकहरूलाई कतिपय सन्दर्भमा शिक्षण गर्न जटिलता रहेको छ । यस सन्दर्भमा खुला अन्तर्वार्ताका सहभागी-१ को धारणा मननीय देखिएको छ-*हाम्रा विद्यालयका कक्षामा विभिन्न भाषाका विद्यार्थी छन् । अहिले महानगरले नेवारी भाषा स्थानीय मातृभाषाका रूपमा पढाउने व्यवस्था गरेको छ । मैथिली, हिन्दी र भोजपुरी मातृभाषा बोल्ने विद्यार्थीलाई नेवारी त के हो केहो फेद न टुप्पो ... । नेवारी भाषा पढाउने म्यामबाहेक अरू सर म्यामहरूलाई केही पनि आउँदैन* (स्थलगत अध्ययन, २०८०) ।

निर्धारित विद्यालयमा कार्यरत शिक्षकमा सबै मातृभाषाको ज्ञान रहेको कुरा तथ्यले देखाउँदैन । जे जति मातृभाषी शिक्षक छन् तिनले सम्बन्धित भाषाका विद्यार्थी पाउने अवस्था रहेको छैन । यसबाट नेपालका सबै मातृभाषी विद्यार्थीले आफ्नै मातृभाषाको शिक्षक पाउन सकेको स्थिति छैन भन्ने देखिन्छ ।

**द्विभाषी/बहुभाषी शिक्षकको अभाव :** एकातिर विद्यालयमा आवश्यक दरबन्दीका शिक्षक अपुग भइरहेको देखिन्छ भने अर्कातिर सबै मातृभाषीलाई आआफ्नो मातृभाषामा विषयवस्तु बताइदिने वा पढाउने शिक्षकको व्यवस्था हुन सकेको छैन । खासगरी नेपाली भाषा शिक्षण गर्ने शिक्षकले दुई वा सोभन्दा बढी भाषाहरूको अनुभव हासिल गरेका हुन सक्छन् । उदाहरणको लागि शिक्षक सेवा आयोगको विज्ञापनमा विभिन्न जातजाति र भाषाभाषिका उम्मेदवारहरू छनोट हुन्छन् तर सबै भाषा सबै शिक्षकले जान्ने स्थिति हुँदैन । यद्यपि ती शिक्षकले आफूले जानेजति भाषाका सिकारुलाई केही शब्द वा वाक्य अनुवाद गरेर भन्ने गरेका हुन सक्छन् । यस सन्दर्भमा सहभागी २ को अनुभव यस्तो रहेको छ-*मैले मैथिली जानेको हुनाले मैथिली मै बोल्दा मात्र बल्ल बल्ल विद्यार्थी बोल्ने गर्दछन् ...*(स्थलगत अध्ययन,२०८०) । शिक्षक द्विभाषी नहुँदा विद्यार्थीहरूको सिकाइ कमजोर हुन्छ । यस सन्दर्भमा पहिला सहभागी यसो भन्छन्-*नेवारी पढाउने म्यामहरूबाहेक अरू हामीलाई केही पनि आउँदैन । बच्चाले सोधे पनि हामी एक शब्दभन्दा केही जान्दैनौँ* (स्थलगत अध्ययन, २०८०) ।

उल्लिखित तथ्यबाट नेपालका भाषा कक्षाकोठाहरूमा धेरै भाषा जान्ने वा बहुभाषिक शिक्षक पाउन सकिने अवस्था रहेको छैन । यसर्थ बहुभाषी शिक्षकको आवश्यकता नेपालको मुख्य मुद्धाका रूपमा रहेको देखिन्छ ।

**शिक्षकको दक्षता र तालिमको अभाव** : शिक्षकलाई समयानुकूल परिवर्तनशील र योग्य बनाउन शिक्षक शिक्षा तथा तालिमको आवश्यकता पर्दछ । दक्ष र योग्य शिक्षकबाट मात्र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सम्भव हुन्छ । नेपालमा बहुभाषिक कक्षा शिक्षणका सम्बन्धमा प्रशिक्षणको कमी देखिएको छ । यसबाट शिक्षकलाई बहुभाषिक शिक्षासँग सम्बन्धित आधारभूत सिप, कार्यशैलीको अभाव देखा पर्दछ । नेपालमा शिक्षकको दरबन्दीका आधारमा विज्ञापन गरी शिक्षकलाई सिफारिस गर्ने कार्य शिक्षक सेवा आयोगले गर्दछ तर कतिपय शिक्षकहरू अस्थायी वा करारमा काम गर्दछन् । केही शिक्षकहरू शिक्षणसम्बन्धी तालिम नै नपाएका वा शिक्षा विषय छुट्टै नपढेकाहरू पनि छन् । तालिम लिएका शिक्षकहरू पनि कति अभ्यासमा ल्याउँछन् त्यसबारे अनुसन्धान भएको जानकारीमा छैन । एक त शिक्षकले शिक्षक शिक्षा नै नपाउनु अर्को तालिम प्राप्त शिक्षकले उपयोग गर्ने शिक्षण, विधि वा कार्यशैली कति प्रभावकारी छ भन्ने प्रस्ट नहुनु आजको गम्भीर समस्या हो । सामुदायिक विद्यालयमा नियुक्ति गर्दा तालिमलाई अनिवार्य गरेको छ तर निजि वा संस्थागत विद्यालयहरूले तालिमबारे सबै मापदण्ड पूरा गरेका छैनन् । यसकारण धेरै शिक्षकहरू तालिमप्राप्त भए पनि केही शिक्षकहरू अझै पनि तालिमको सुबिधाबाट वञ्चित देखिएका छन् । यस सन्दर्भमा सहभागीको प्रतिक्रिया यस्तो छ - *हेर्नुहोस्, संस्थागत विद्यालयले पनि शैक्षिक शत्रको सुरु, मध्य र अन्तिममा विभिन्न तालिमहरू दिने गरेका छन्, मेरो विद्यालयले यसपालि सुरुमा तालिम चलाएको थियो ...प्रारम्भिक कक्षाका शिक्षकलाई बेलाबेलामा तालिम दिने गरिन्छ , माथिल्ला नौ दशका सरम्यामहरू त पार्ट टाइममा काम गर्ने पनि छन्* (खुला अन्तर्वार्ता, २०८०) ।

निर्धारित विद्यालयमा शिक्षक तालिम पनि विद्यालयको प्रकृतिका आधारमा हुने गरेको छ । संस्थागत विद्यालयले आफ्नो आवश्यकता हेरी तालिम सञ्चालन गर्ने गरेको छ भनिए पनि यसको कार्यान्वयनमा एकरूपता रहेको देखिँदैन । यस तथ्यबाट नेपालका सामुदायिक विद्यालयमा थोरै र संस्थागत विद्यालयमा अत्यधिक शिक्षकहरू तालिमविहीन रहेको प्रमाणित हुन्छ ।

**कक्षा व्यवस्थापनसँग सम्बधित प्रश्न** : बहुभाषिक शिक्षा कार्यान्वयनमा विद्यालयको भौतिक पूर्वाधार र आयस्रोतले मुख्य भूमिका खेलेको हुन्छ । यस सन्दर्भमा खुल्ला अन्तर्वार्ताका सहभागीको अनुभव यस्तो रहेको छ *-सानो ३०/३५ जना अटाउने कक्षामा ६०/७० जना विद्यार्थी हुन्छन् । विद्यार्थी सङ्ख्या धेरै हुँदा समूह निर्माण गरी सिकाउन सकिँदैन । ठुलो कक्षामा समूह विभाजन गरी*

*कार्य गराउन असहज हुन्छ । आफ्नो संस्कृतिभन्दा फरक संस्कृतिका साथीहरूसँग घुलमिल हुन अप्ठ्यारो पनि मान्दछन्* ...(खुला अन्तर्वार्ता, २०८०) ।

कक्षाकोठा व्यवस्थापनको महत्त्वपूर्ण पक्ष कक्षाका विद्यार्थीहरूलाई सिक्ने तत्परता पैदा गर्नु हो । भाषा नबुझेका कारण विद्यार्थीहरू पढाइप्रति आकर्षित हुन सक्दैनन् । शिक्षकले भनेका कुरा विद्यार्थीले नबुझ्दा पनि समस्या देखिने गरेको छ । यस सन्दर्भमा पहिलो सहभागीको धारणा यस्तो छ -*सर, यहाँ हाम्रो विद्यालयमा विभिन्न भाषाका विद्यार्थी छन् । कतिपयलाई हामीले भाषा बुझाउन गाह्रो हुन्छ । उनीहरूकै मातृभाषामा भन्दा सजिलैसँग बुझ्ने, नेपाली भाषामा उनीहरूले नबुझ्ने अवस्था छ* (खुला अन्तर्वार्ता, २०८०) ।

यहाँ सानो कक्षाकोठा हुनु, विद्यार्थी सङ्ख्या अत्यधिक हुनु, भाषिक पछौटेपन भएका विद्यार्थीहरूलाई छुट्टा छुट्टै समूह निर्माण गरी शिक्षण गर्न नसक्नु आजको विद्यालय शिक्षाको साझा समस्या हो । कक्षाकोठामा शिक्षक र विद्यार्थीका विच सञ्चार राम्रो भएमा सिकाइ दिगो हुन्छ तर नेपालका सहरी क्षेत्रका अधिकांश विद्यालयहरूमा विद्यार्थी सहभागिता कम देखिनुको प्रमुख कारण सञ्चार राम्रो नहुनु नै हो । बहुभाषिक कक्षा शिक्षणका आवश्यक गतिविधिहरू रमाइलो सुरुवात, उत्प्रेरणा, मायालु वातावरण, कक्षा सहभागिता, अतिरिक्त क्रियाकलापमा सहभागिता जस्ता पक्षहरूमा पनि ध्यान जानु जरुरी छ । यसर्थ सामाजिक सांस्कृतिक पक्षलाई ध्यान दिई बहुभाषिक शिक्षण गर्न चुनौतीपूर्ण हुन्छ ।

**मातृभाषाको प्रभाव** : बहुभाषिक कक्षा शिक्षणको सन्दर्भमा विद्यार्थीको मातृभाषाल सकारात्मक र नकारात्मक प्रभाव पार्ने देखिएको छ । सकारात्मक प्रभावले सिकाइलाई सरल र रोचक बनाउने गरेको छ भने मातृभाषाका अनुभवले कक्षा सिकाइमा नकारात्मक असर गरेमा सिकाइ असहज बन्नेगरेको छ । विद्यार्थीको सिकाइप्रतिको रुचि, आवश्यकता र चेतनाले पनि सिकाइलाई प्रभाव पारेको छ । भाषिक पृष्ठभूमिले सिकाइलाई बाधा उत्पन्न गर्दछ भन्ने धारणा परम्परागत धारणा मानिएको देखिन्छ । यसका लागि पूर्वभाषिक अनुभवले संज्ञानात्मक विकासमा सघाउ पुऱ्याउँदछ भन्नेतर्फ दृष्टि दिनु देखिएको छ । यस सन्दर्भमा सहभागी २ को प्रतिक्रिया यस्तो छ- *सुरुसुरुमा मैथिली मातृभाषी विद्यार्थी बोल्दा अरू मातृभाषी हाँस्ने गर्दथे तर आजभोलि समायोजन भइसके । म आफू ती मैथिली भाषीसँग बोल्छु र उनीहरूले बोलेको कुरा पनि बुझ्छु । नेपाली भाषाको कक्षामै पनि कहिलेकाहीँ आफ्नो भाषामै पनि बोल्न प्रोत्साहन गर्छु, कोही विद्यार्थी बोल्छन् कोही बोल्दैनन* (स्थलगत अध्ययन २०८०) ।

उक्त तथ्यबाट मातृभाषाको शब्दभण्डार, ध्वनि, उच्चारण, हिज्जे आदिमा प्रभाव देखिएको

छ । केही त्रुटिहरू पनि मातृभाषाको प्रभावका कारण पछिसम्म रहिरहने गरेका छन् । यसका कारण भाषिक उपलब्धिमा समेत प्रभाव पर्ने गरेको छ । भाषाको माध्यम विद्यार्थीका लागि प्रभावक बन्ने गरेको छ । यस आधारमा जानेबुझेका कुरासमेत सम्प्रेषण गर्न नसक्नु माध्यमगत समस्या हो भन्न सकिन्छ । यसबाट भाषाका बोध र अभिव्यक्ति सिपमा प्रभाव पार्दछ भन्ने सिद्ध हुन्छ ।

**शैक्षिक सामग्रीको अभाव :** दोस्रो भाषाका पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पत्रपत्रिका, शिक्षक निर्देशिका, कम्प्युटर, प्रोजेक्टर, मल्टिमिडिया आदि सामग्रीहरूको अभावले बहुभाषिक शिक्षालाई थप जटिल बनाएको छ । हचुवाका भरमा बनाइएका केन्द्रीकृत पाठ्यक्रमहरूले सबै मातृभाषी विद्यार्थीहरूका आवश्यकता, रुचि र पृष्ठभूमिलाई समेट्न सकेका छैनन् । अर्को पक्ष विद्यालयमा दैनिक प्रयोगमा आउने सामग्रीसमेत पर्याप्त छैनन् । शिक्षण सामग्री निर्माणमा विद्यार्थीलाई सक्रिय गराउन सकिएको छैन । शिक्षक स्वयम् पनि त्यसप्रति जागरुक हुन सकेका देखिँदैनन् जसले गर्दा कक्षा शिक्षण चुनौतीका रूपमा देखापरेको छ । यस सम्बन्धमा सहभागी २ को प्रतिक्रिया यस्तो रहेको छ-*हाम्रो विद्यालयमा पाठ्यसामग्रीहरू बहुभाषिक रूपमा त पर्याप्त छैनन्, नेपाल भाषाका पाठ्यक्रम र पाठ्यपुस्तकका तुलनामा नेपाली र अङ्ग्रेजीका पाठ्यसामग्री प्रशस्त छन् तर अन्य भाषामा खासै उपलब्ध छैनन् । यस अवस्थामा परिवेशअनुसार पाठ्यसामग्री प्रयोग गर्नु आवश्यक छ बहुभाषिक कक्षामा सामग्री उपयोग गर्नु धेरै राम्रो हो । शिक्षकले मात्र सबै कुरामा पहुँच पुऱ्याउन नसक्ला । यसका लागि विद्यालयले नै व्यवस्था गर्नुपर्छ.* (स्थलगत अध्ययन, २०८०) ।

समग्रतः नेपालका अधिकांश विद्यालयहरूमा बहुभाषिक पाठ्यसामग्रीको अभाव साझा समस्याका रूपमा देखिएको छ । भएका पाठ्यसामग्रीहरू पनि सधैँ प्रयोग भएको पाइँदैन । यसबाट शैक्षिक सामग्री पर्याप्त छैनन् र भएका सामग्री पनि भरपुर प्रयोग हुन सकेका छैनन् भन्ने देखिन्छ ।

**अङ्ग्रेजी भाषाप्रति अभिभावकको आकर्षण :** नेपालको बहुभाषिक कक्षाको अर्को प्रमुख चुनौती भनेको अभिभावकहरू आफ्नो मातृभाषाभन्दा अङ्ग्रेजी भाषाप्रति आकर्षित हुनु हो । अवसर वा अन्य बुझाइले आफ्नो मातृभाषा सिकाइको महत्त्वतिर अभिभावकको ध्यान पुग्न सकेको देखिँदैन । नेपालमा रोजगारीको अवस्था कमजोर छ र त्यो भइहाले पनि न्यून तलबमा काम गर्नुपर्ने अवस्था छ । बढ्दो महङ्गी तथा अन्य कारणले बैदेशिक यात्रा तय गर्ने विद्यार्थीहरूको सङ्ख्या दिनानुदिन बढिरहेको छ । नेपालका अधिकाशं सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयले कक्षा दशको अन्त्यमा लिइने माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षामा राम्रो प्राप्ताङ्कमा उत्तीर्ण गराउने कुरामा मात्र अभिभावकहरू तल्लीन देखिनेगरेका छन् ।

यसर्थ नेपालमा बोलिने स्वदेशी भाषाहरूलाई भुलेर विश्वव्यापीकरणको प्रभाव दिनानुदिन बढ्दै जानु तथा अङ्ग्रेजीप्रति सिकारुका अभिभावक ज्यादा आकर्षित हुनु बहुभाषिक शिक्षाको चुनौतीपूर्ण विषय बनेको छ ।

यस सन्दर्भमा नेपालको बहुभाषिक अवस्था, विगतको एक भाषावादी सोचको प्रभाव, पर्याप्त स्रोत साधनको कमी, लिपिगत समस्या, भाषिक मूल्याङ्कनसँग सम्बन्धित समस्या, मातृभाषामा शिक्षासम्बन्धी एकीकृत कार्यक्रमको नीति र कार्यान्वयनको अभाव बहुभाषिक कक्षा शिक्षणका चुनौती बन्दछन् ।

**बहुभाषिक कक्षा शिक्षणका चुनौती सामना गर्ने उपाय**

बहुभाषिक कक्षा शिक्षणका समस्या तथा चुनौतीलाई अवसरमा बदल्नका लागि मूलतः बहुभाषिक शिक्षालाई व्यवस्थित गर्न दक्ष तथा तालिमप्राप्त शिक्षकको खाँचो देखिन्छ । बहुभाषी शिक्षकको व्यवस्था गर्न सकेमा विभिन्न मातृभाषी विद्यार्थीहरूका भाषासम्बन्धी समस्याको समाधान हुनसक्छ । शिक्षकले शिक्षण विधिमा विविधता ल्याउने गर्नुपर्दछ । उपयुक्त भौतिक पूर्वाधारको व्यवस्था गरी कक्षाभित्रका मनोवैज्ञानिक डर हटाई शिक्षण गर्नु बहुभाषिक कक्षाको महत्त्वपूर्ण पक्ष हो । अभिभावकहरूलाई भाषा र संस्कृतिको महत्व बारे शिक्षा दिने र भाषिक रूपले सीमान्तीकृत विद्यार्थीका विशेष आवश्यकतालाई ध्यान दिन सकेमा मात्र बहुभाषिक शिक्षाको वास्तविक मर्म पुरा हुनेछ । बहुभाषिकलाई विविधताको एकीकृत रूप मान्नुपर्ने देखिन्छ । भिन्न छौँ तर एक हौँ भन्ने भावनाको विकास शिक्षक र विद्यार्थीमा जगाउन सबै मातृभाषाभाषी बालबालिकालाई सम्मानपूर्वक व्यवहार गर्नुपर्छ । यसका लागि भाषिक रूपमा विभेद नगरी बालकको रुचिप्रति सधैँ सचेत हुनु आवश्यक देखिन्छ ।

**प्राप्ति**

सहरी विद्यालयका कक्षाकोठा अवलोकन गर्दा फरक फरक मातृभाषा भएका सिकारुहरू रहेको पाइएको छ । ती कक्षाकोठामा भएका फरक फरक विद्यार्थीहरूको मातृभाषा भिन्न भिन्न रहेका छन् । धार्मिक तथा सांस्कृतिक दृष्टिले कक्षामा प्रायः हिन्दु, बौद्ध, इसाइ र मुस्लिम समुदायका विद्यार्थी रहेका छन् । यी बालबालिकाहरू आफ्नो संस्कृतिभन्दा अर्को समुदायसँग घुलमिल हुन असजिलो मान्ने गरेका छन् । आफ्नो जातीय र सांस्कृतिक समुदायको समूह बनाएर कक्षामा बस्ने गरेका छन् । विद्यार्थीहरूको सिकाइ क्षमताका सन्दर्भमा आन्तरिक कारणहरू वंशाणु गुण, उत्प्रेरणा जस्ता पक्षले पनि प्रभाव पारेको छ ।

बाह्य कारण पढाइमा संस्कृति, साथीसमूह, अभ्यास आदिले भूमिका खेलेको छ । विविध कारणले बाआमाको सम्बन्ध राम्रो नभएका, आर्थिक रूपले विपन्न रहेका, मजदुर वर्गका बालबालिका र पारिवारिक सम्बन्ध राम्रो नभएका बालकहरू बहुभाषी कक्षाकोठामा रहेका छन् । ती बालबालिकामा पारिवारिक आर्थिक पक्षले पढाइमा समस्या देखिएको छ । दोस्रो भाषाका पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पत्रपत्रिका, शिक्षक निर्देशिका, कम्प्युटर, प्रोजेक्टर, मल्टिमिडिया आदि सामग्रीहरूको अभावले बहुभाषिक शिक्षालाई थप जटिल बनाएको छ । कक्षाकोठाको आकारप्रकार र विद्यार्थीको संख्या, बसाइ, समूह निर्माण गर्ने र नगर्ने, शिक्षकहरूको बहुभाषिक कक्षा व्यवस्थापनको सिप, यी विभिन्न पक्षहरूले बहुभाषिक कक्षाकोठाको वातावरण र सिकाइमा एकरूपता पनि रहेको पाइँदैन ।

नेपालका विद्यालयहरूमा सिकारुले बोल्ने मातृभाषी शिक्षकको व्यवस्था गरिएको छैन । केही स्थानीय तहहरूले यसको प्रयास गरेका छन् तर मातृभाषी शिक्षक परिपूर्ति भएको अवस्था छैन । त्यस्तै शिक्षक तालिम विद्यालयको प्रकृतिका आधारमा हुने गरेको छ । संस्थागत विद्यालयले आफ्नो आवश्यकता हेरी तालिमको सञ्चालन गर्ने गरिएको भनिए तापनि यसको कार्यान्वयनमा एकरूपता रहेको देखिँदैन ।

**निष्कर्ष**

बहुभाषिकता नेपालको राष्ट्रिय पहिचानका रूपमा देखिन्छ । यहाँका विद्यालयहरूमा बहुभाषिक स्थिति विद्यमान छ । नेपाली, मैथिली, भोजपुरी, थारु, तामाङ, नेपाल भाषा (नेवारी), गुरुङ, बज्जिका, डोटेली, बैतडेली आदि विभिन्न मातृभाषी विद्यार्थीहरू नेपाली भाषा अध्ययनका लागि कक्षाकोठामा विभिन्न भौगोलिक परिवेशबाट आउँनेगर्दछन् । बहुभाषी शिक्षालाई मातृभाषामा शिक्षण गरेर वा सिकारुको मातृभाषामा शब्द, पद, पदावली वा वाक्य प्रयोग गरेर भाषिक सहजीकरण गर्ने गरिन्छ । सिकारुको भाषिक पृष्ठभूमि, सामाजिक साँस्कृतिक विविधता, पारिवारिक आर्थिक पृष्ठभूमि, सिकाइ क्षमतागत विविधता, शिक्षकले सिकाउने तौरतरिकामा रहेको भिन्नताले नेपालको बहुभाषिक शिक्षाको स्वरूप विविधतामूलक देखिन्छ । विविधताको प्रतिनिधित्व भाषिक कक्षामा देखिनु नेपालको मौलिक पहिचान मानिन्छ । समग्रमा वर्तमान अवस्थामा नेपालमा बहुभाषिक कक्षाशिक्षण जटिल र चुनौतीपूर्ण छ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थीको मातृभाषाअनुरूप मातृभाषी शिक्षक उपलब्ध नहुँदा शिक्षण सिकाइ जटिल बन्दै छ । बहुभाषी शिक्षक नगण्य हुनु अर्को चुनौतीका रूपमा पाइन्छ । शिक्षकहरूलाई बहुभाषिक कक्षा शिक्षणसम्बन्धी उचित ज्ञान, सिप, तालिम र दक्षताको कमीले

शैक्षिक स्तर अपेक्षाकृत कमजोर छ । सानो कक्षाकोठा, अत्याधिक विद्यार्थी सङ्ख्या, अल्पसङ्ख्यक मातृभाषी विद्यार्थीहरूलाई छुट्टाछुट्टै समूहमा शिक्षण गर्न नसक्नु बहुभाषिक कक्षा व्यवस्थापनका समस्या हुन् । यसर्थ भाषा सिकाइमा मातृभाषाको प्रभाव बहुभाषिक शिक्षाको प्रमुख चुनौती बन्दै छ । दोस्रो भाषाका पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पत्रपत्रिका, शिक्षक निर्देशिका, कम्प्युटर, प्रोजेक्टर, मल्टिमिडिया आदि सामग्रीहरूको अभावले बहुभाषिक शिक्षा थप जटिल बन्दै छ ।

हाम्रा अभिभावकहरू छोराछोरीले आफ्नो मातृभाषाभन्दा अङ्ग्रेजी सिकून् भन्ने चाहना राख्नेगर्दछन्  जुन मातृभाषी तथा बहुभाषी शिक्षाको कार्यान्वयनका लागि जटिलता हो । यीबाहेक विगतको एक भाषावादी सोचको प्रभाव, पर्याप्त स्रोत साधनको कमी, लिपिगत समस्या, भाषिक मूल्याङ्कनसँग सम्बन्धित समस्या, मातृभाषामा शिक्षासम्बन्धी एकीकृत कार्यक्रमको नीति र कार्यान्वयनको अभाव बहुभाषिक कक्षा शिक्षणमा चुनौती हुन् । यी विभिन्न चुनौतीहरूको सामना गर्नका लागि योग्य र दक्ष बहुभाषी शिक्षकको व्यवस्था गनुपर्दछ ।

बहुभाषिक कक्षा शिक्षणबाट सिकारुमा सकारात्मक सिकाइ अनुभव विकास गर्न मदत पुग्छ । विभिन्न समुदायका बालबालिकाहरूको सांस्कृतिक अनुभवहरूको सञ्चरण तथा जातीय, धार्मिक, भाषिक सद्भाव बृद्धिमा समेत यसले सहयोग गर्छ । यस समयमा भाषाको शिक्षण सिकाइलाई बालमैत्री बनाई उनीहरूको भाषिक सङ्कोचलाई हटाउँदै उन्नत सिकाइतर्फ थप अग्रसर हुनुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू**


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (पाँचौं संस्क.),  विद्यार्थी प्रकाशन प्रा. लि. ।

अधिकारी, हेमाङ्गराज (२०६७) *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (पाँचौं संस्क.), रत्न पुस्तक भण्डार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८) *राष्ट्रिय जनगणनाको प्रतिवेदन,* केन्द्रीय तथ्याङ्क विभाग ।

खनाल, पेशल (२०७२) *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

ढकाल, झगिन्द्रप्रसाद (सन् २०१९), “बहुभाषिक कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कनको महत्त्व”,

*सोताङ* १, १(१), पृपृ. ५४-५८ ।

नेपाल सरकार (२०६३) *नेपालको अन्तरिम संविधान,* मकालु प्रकाशन गृह ।

नेपाल सरकार (२०७२) *नेपालको संविधान,*  कानुन किताब व्यवस्था समिति ।

पन्त, धर्मानन्द (२०८०) *नेपाली भाषा शिक्षण,* मामा भान्जा रेडियम इन्स्टिच्युट प्रा.लि.।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि अभिमुखीकरण निर्देशिका,* भक्तपुर ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश सहृदयी (२०७७) *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्चुअल्ज बुक प्यालेस कीर्तिपुर ।

फ्याक, प्रेम (२०७५), "शिक्षामा अङ्ग्रेजी माध्यम भ्रम र यथार्थ", *शिक्षक मासिक,* पुस, वर्ष ११, पूर्णाङ्क १२९ ।

बम, सुरेन्द्र कुमार (सन् २०१९) "कक्षामा बहुभाषिकता सम्बोधनका चुनौती", *सोताङ* १, १(१), पृपृ. ३८-४५ ।

बास्तोला, हेरम्बराज (सन् २०२०) "नेपालमा भाषानीति, योजना र त्यसका चुनौती", *सोताङ* २, २(१), पृपृ. ५१-५८ ।

भट्टराई, रामप्रसाद (२०७५) (तेस्रो सस्क.) *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* शुभकामना प्रकाशन प्रा.लि. ।

रेग्मी, भिमनारायण (२०८०, सन् २०२३), "भाषिक तथ्याङ्कमा पहिचानको प्रतिबिम्ब", *भाषालोक,* पृपृ. १४१-१६० ।

शर्मा, विष्णुप्रसाद (सन् २०१४), "बहुभाषिक कक्षामा नेपाली शिक्षण : समस्या र समाधान", *जनप्रिय*

*जर्नल अफ इन्टरडिसिप्लेनरी स्टडिज* (३) पृपृ. ९५-९८ ।

शिक्षा विभाग (२०६६), *बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका-२०६६,* शिक्षा मन्त्रालय ।

श्रेष्ठ, गोपालबहादुर (सन् २०२१), "नेपालका विद्यालयमा मातृभाषामा सिकाइको स्थिति", *इन्टरडिसिप्लेनरी रिसर्च इन एजुकेसन,* ६(२) पृपृ. ११७-१३२ ।

DOI: https://doi.org./10.3126/ire.v6i2.43544.

Lambert, R. & Shonamy, E. (2000), *Language policy and pedagogy*, John Benjamins publishing company.